# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## वागमती प्रदेश कार्यालय
## हेटौडा, मकवानपुर

**डिप्लोमा/प्रमाणपत्र तह स्वास्थ्य तर्फ सामान्य चिकित्सा , नर्सिङ र फार्मेसी वाहेकको वर्गिकृत (निःशुल्क) छात्रवृती कार्यक्रमहरुको प्रशिक्षार्थी छनोटको योग्यताक्रम सूची प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाशन मिति २०८२।०५।०४)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८२।०४।०५ गते प्रकाशित सूचना अनुसार डिप्लोमा/ प्रमाणपत्र तह स्वास्थ्य तर्फ सामान्य चिकित्सा,नर्सिङ र फार्मेसी वाहेकको वर्गीकृत (निःशुल्क) छात्रवृती कार्यक्रममा अध्ययनको लागि तोकिएको म्याद भित्र रितपूर्वक पर्न आएका अनलाइन आवेदन फाराम मध्ये प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट छात्रवृती वितरण तथा भर्ना सम्वन्धी निर्देशिका २०८२ वमोजिम रुजु गरी एस.एल.सी./एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए.का आधारमा स्वीकृत कार्यक्रमहरुको वर्ग र कोटामा योग्यताक्रमानुसार कार्यटोलिवाट सिफारिस भई आएको नतिजा मिति २०८२।०५।०४ गतेको निर्णय वमोजिम मुख्य उम्मेदवार तथा वैकल्पिक उमेदवारको योग्यताक्रम र रद्द गरिएका आवेदकहरुको सूचि समेत प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८२।०५।१३ गते शुक्रवार कार्यालय समय भित्रमा आफ्नो Application Acceptance Card योग्यताक्रम सूचीको प्रति ,शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता वा जन्म दर्ता प्रमाणपत्र , छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र र पासपोर्ट साइजको आफ्नो फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ । सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सुचनामा उल्लेख भए वमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरी Online आवेदन दिदा प्रविष्ट गरेका विवरणहरु झुटा ठहरिएमा जुनसुकै समयमा स्वत भर्ना रद्द हुने व्यहोराको कवुलियतनामा गराएर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका उम्मेदवारहरुको नाम, सिफारीस भएको वर्ग र कोटा समेत उल्लेख गरी परिषद् वागमती प्रदेश कार्यालयको इमेल ठेगना exam@ctevtbagmati.org.np मा अनिवार्य रुपमा भर्ना निर्देशिकाको दफा १८ वमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।पुनश्र्चः मिति २०८२।०५।०२ गते प्रकाशित पूर्ण शुल्किय तर्फको नतिजा अनुसार स्वीकृत कोटाको २५% प्रशिक्षार्थी पुरा भएका संस्थाका कार्यक्रमहरुमा मात्र वर्गीकृत (निःशुल्क) छात्रवृत्ती कोटा सिफारीस गरिएको र वाँकी संस्थाका कार्यक्रमहरु संचालन हुने निश्चित भएपछि मात्र वैकल्पिक सूचिमा रहेका वर्गीकृत (निःशुल्क) छात्रवृत्ती कोटाका आवेदकहरुवाट योग्यताक्रम सूचि अनुसार सिफारीस गरिने व्यहोरा समेत सम्पूर्ण सवैमा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

निर्देशक